# गणपति लघुवित्त वित्तीय संस्था लि.
## केन्द्रीय कार्यालय दुलेगौंडा, तनँहु
## धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ को नियम २६ को उपनियम (२) सँग सम्बन्धित अनुसूची - १५ बमोजिमको वार्षिक प्रतिवेदन (२०७८/७९)

**(१) सञ्चालक समितिको प्रतिवेदन :**
- वार्षिक प्रतिवेदनमा संलग्न गरिएको छ ।

**(२) लेखापरीक्षकको प्रतिवेदन :**
- वार्षिक प्रतिवेदनमा संलग्न गरिएको छ।

**(३) लेखापरीक्षण भएको वित्तीय विवरण :**
- वार्षिक प्रतिवेदनमा संलग्न गरिएको छ।

**(४) कानूनी कारवाही सम्बन्धी विवरण :**

**(क) समीक्षा अवधिमा संगठित संस्थाले वा संस्थाको विरुद्ध कुनै मुद्दा दायर गरेको भए :**
- समीक्षा अवधिमा त्यस्तो कुनै मुद्दा दायर भएको छैन।

**(ख) संस्थाको संस्थापक वा सञ्चालकले वा संस्थापक वा सञ्चालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौजदारी अपराध गरेको सम्बन्धमा संस्थाले मुद्दा दायर गरेको वा भएको भए :**
- समीक्षा अवधिमा त्यस्तो कुनै विवरण प्राप्त नभएको ।

**(ग) कुनै संस्थापक वा सञ्चालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको भए :**
- समीक्षा अवधिमा त्यस्तो कुनै जानकारी प्राप्त नभएको ।

**(५) संगठित संस्थाको शेयर कारोवार तथा प्रगतिको विश्लेषण :**

**(क) धितोपत्र बजारमा भएको संस्थाको शेयरको कारोवार सम्बन्धमा व्यवस्थापनको धारणा :**
- संस्थाको शेयरको बजार मूल्य र कारोवारको निर्धारण खुल्ला बजारमा निर्भर हुने भएकोले यस सम्बन्धमा व्यवस्थापनको छुट्टै धारणा नरहेको ।

**(ख) आ.व. वर्ष २०७८/७९ को प्रत्येक त्रैमासिक अवधिमा संस्थाको शेयरको अधिकत्तम र न्यूनतम र अन्तिम मूल्यका साथै कूल कारोवार शेयर संख्या र कारोवार दिनको विवरण:**

| विवरण | प्रथम त्रैमासिक (२०७८/०७९) | दोस्रो त्रैमासिक (२०७८/०७९) | तेस्रो त्रैमासिक (२०७८/०७९) | चौथो त्रैमासिक (२०७८/०७९) |
|---|---|---|---|---|
| अधिकत्तम मूल्य | १,८७२ | १,६८३ | १,५१० | १,२०० |
| न्यूनतम मूल्य | १,३६६ | १,१६० | १,०५१ | ८६४।४० |
| अन्तिम मूल्य | १,५१५ | १,३८७ | १,१२१ | ९५२।६० |
| शेयर कारोवार संख्या | २,९१२ | १,३८४ | १,१०१ | ८०७ |
| कारोवार दिन | ५७ | ५९ | ५८ | ५५ |

**(६) समस्या र चुनौती:**

**(क) आन्तरिक:**

- संचालन खर्च नियन्त्रण ।
- लगानी भएका कर्जाको जोखिम न्युनिकरण ।
- फिल्डमा काम गर्ने दक्ष कर्मचारीको अभाव ।
- सदस्यहरुमा वित्तीय साक्षरताको कमी ।

**(ख) वाह्य:**

- लगानीका अवसर र क्षेत्रहरु विस्तार हुन नसक्नु ।
- लघुवित्त वित्तीय संस्थाहरु बिच अस्वस्थ प्रतिस्पर्धा ।
- दैवि विपत्ती तथा महामारीको असर ब्यवस्थापन ।
- नियमनकारी निकायद्वारा ऋणको व्याज तथा सेवा शुल्कमा गरेको व्यवस्था ।
- दुर्गम भेगमा शाखा संचालनको लागी आवश्यक पुर्वाधारको अभाव ।

**(ग) रणनीति:**

- व्यवसाय विस्तारका लागी नयाँ लगानीका क्षेत्रहरु पहिचान गर्ने ।
- ग्राहक सरक्षण कार्य्रमलाई उच्च प्राथमिकता दिने ।
- जनशक्ति व्यवस्थापन तर्फ ध्यान दिई दक्ष जनशक्ति पलायन रोकने ।
- कर्जा लगानी गर्दा गुणस्तर कायम गर्ने ।
- संचालन खर्चलाई व्यवस्थापन गरी अनावश्यक खर्च कटौती गर्ने ।
- प्रविधीको अधिकतम उपयोग गरि सेवाको गुणस्तर वृद्धि गर्ने ।
- जोखीम व्यवस्थापनको लागि आन्तरिक नियन्त्रण प्रणालीलाई चुस्त दुरुस्त वनाउने ।
- संस्थागत सुशासनको सुदृढीकरण ।

**(७) संस्थागत सुशासन:**

बैंक तथा वित्तीय संस्था सम्वन्धि ऐन,२०७३ एवं नियमनकारी निकाय नेपाल राष्ट्र बैंक, नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्स्चेन्च लि. तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडसँग सम्बन्धित ऐन कानुनहरु तथा सम्बन्धित निकायहरुद्वारा जारी गरिएका निर्देशन तथा परिपत्रहरुको पूर्ण रुपमा परिपालना गरिएको छ। वित्तीय संस्थाले संस्थागत सुशासनलाई सदैव उच्च प्राथमिकतामा राख्दै आएको छ ।

आन्तरिक नियन्त्रण प्रणालीलाई व्यवस्थित गर्न लेखापरिक्षण समिति गठन गरिएको छ। आन्तरिक लेखापरिक्षण तथा वाह्य लेखापरिक्षणवाट प्राप्त सुभाव तथा निर्देशनलाई पालना गराउनुका साथै आन्तरिक नियन्त्रण प्रणालीलाई अभ सुदृढ वनाउन व्यवस्थापनलाई सल्लाह र सुभाव दिदै आएको छ ।

वित्तीय संस्थाको कर्जा जोखिम तथा संचालन जोखिम, कर्मचारी व्यवस्थापन, लगायतका विषयमा आवश्यक निर्णय गर्न जोखिम व्यवस्थापन समिति, कर्मचारी सेवा सुविधा समिति, सम्पत्ति शुद्धीकरण अनुगमन समिति, सम्पत्ति दायित्व व्यवस्थापन समिति रहेका छन् ।